# ३ बलिहरू

*यस अध्यायको निम्ति मूल पदहरू:* उत्पत्ति ३:९-२१, प्रस्थान १२:२१-२७, लैव्य २:१-३, उत्पत्ति २२:१-१९, लैव्य १७:१०,११, फिलिप्पीहरूलाई ४:१८।

*स्मरण गर्नुपर्ने पद:* **"प्रिय भाइबहिनीहरू, परमेश्वरले तिमीहरूमाथि उहाँको दया देखाउनु भएको छ। जब तिमीहरू जिउँदै छौ तब तिमीहरूका शरीरहरू उहाँलाई अर्पण गर भनेर म अनुरोध गर्दैछु। तिम्रा शरीरहरू परमेश्वरका निम्ति पवित्र बलिहरू हुन्, जसले उहाँलाई प्रशन्न पार्दछन्। जब जीइएकै बेलामा तिमीहरूले आफ्ना शरीरलाई उहाँलाई अर्पण गर्दछौ तब त्यसले नै तिमीहरूले परमेश्वरको उपासना गरिरहेको छ भनेर देखाउँदछ (रोमी १२:१ रूपान्तरित)।**

**बलि वा बलिदानको अर्थ सारा सुसमाचारको निम्ति अत्यन्त महत्त्वपूर्ण विषय वस्तु हो। हिब्रू भाषामा बलि, बलिदान वा अर्पण गर्नु भनेको त्यो काम हो जुन परमेश्वरको नजिक हुनु वा परमेश्वरमा कुनै थोक ल्याउनु।** त्यसै अनुसार प्राचिन युनानी वा ग्रीक भाषामा बलिको अर्थ "उपहार" हो। कुनै थोकलाई त्याग गर्नु वा बलिदान गर्नु त्यस उपहार भन्ने शव्दभित्र पर्दछ।

अङ्ग्रेजी भाषामा उपहार दिनु, भेटी दिनु वा बलि दिनुलाई अफरिङ्ग (offering) भनिन्छ जुन् पुरानो ल्याटिन भाषाको अफरर (offerer) बाट आएको हो। त्यसको अर्थ दान दिनु, भेटी चढाउनु, कोसेली दिनु वा उपहार दिनु हो। साक्रिफाइस ( sacrifice ) अर्थात् त्याग गर्नु भन्ने शव्द पौराणिक (ई.पू. १००-२००मा प्रचलित युरोप अर्थात् रोमी साम्राज्यमा चलेको भाषा) ल्याटिन भाषाको ससर (sacer पवित्र) र फेसर (facere बनाउनु) शव्दहरू मिलेर बनेको हो। यसको अर्थ कुनै पनि थोकलाई पवित्र बनाउनु हो।

येशू भक्त हुँ भनेर दावी गर्नेहरूले केही न केही कस्ता त्यागहरू वा परमेश्वरमा अर्पण गर्नुपर्छ भनेर यस अध्यायमा हामी हेर्नेछौं। परमेश्वरको निम्ति त्याग गर्न वा बलिदान गर्न उहाँले जहिले

पनि आह्वान गर्नुहुन्छ भनेर हामी यस अध्यायमा पत्ता लगाउनेछौं। त्यो आह्वान केवल विगतको समयमा मात्र नभएर वर्तमान समयमा पनि उहाँले गरिरहनुभएको छ।

अझ अत्यन्त महत्त्वपूर्ण पूरा त्याग वा बलिदान त परमेश्वरले ख्रीष्टद्वारा हाम्रो निम्ति गर्नुभएको थियो।

## १. प्रथम त्याग वा बलि (उत्पत्ति ३:९-२१)

जब नखानु भनेर मनाही गरेको फल आदम र हव्वाले खाए र पाप गरे तब त्यसको प्रत्युत्तरमा परमेश्वरले के गर्नुभयो भनेर उत्पत्ति ३:८-२१मा यसरी लेखिएको छः त्यही बेलुका तिनीहरूले परमप्रभु परमेश्वर बगैंचामा डुलिरहनुभएको सुने र रूखका बीचमा उहाँका सामुदेखि लुके। ९ तर परमप्रभु परमेश्वरले "तँ कहाँ छस्?" भनी मानिसलाई बोलाउनुभयो। १० उनले जवाफ दिए, "मैले तपाईंको सोर बगैंचामा सुनें। म नाङ्गै थिएँ, यसैले म डराएँ र तपाईंदेखि लुकें।" ११ "तँ नाङ्गै छस् भनेर कसले तँलाई भन्यो? मैले नखानू भनेको फल तैंले खाइस् कि कसो?" परमेश्वरले सोध्नुभयो। १२ मानिसले उत्तर दिई भने, "यहाँ मसँग रहन तपाईंले दिनुभएको स्त्रीले मलाई त्यो फल दिई र मैले खाएँ।" १३ परमप्रभु परमेश्वरले स्त्रीलाई सोध्नुभयो, "किन तैंले त्यसो गरिस्?" उनले भनिन्, "साँपले पो मलाई छल गरेर त्यो खान लायो।" १४ तब परमप्रभु परमेश्वरले साँपलाई भन्नुभयो, "यसको लागि तैंले दण्ड पाउनेछस् र सबै पशुहरूमध्ये तैंले मात्र यो सराप पाउनेछस्। अबदेखि उसो पेटको बलले घस्रेर तँ हिंड्नेछस् र जीवनभरि माटो खानेछस्। १५ म तँलाई र स्त्रीलाई आपसमा घृणा गर्न लाउनेछु, तेरो सन्तान र स्त्रीको सन्तानको बिचमा म दुश्मनी हालिदिनेछु र त्यसको सन्तानले तेरो टाउको कुच्च्याउनेछ र तैंले त्यसको सन्तानको कुर्कुच्चा ठुँग्नेछस्।"

१६ तब उहाँले स्त्रीलाई भन्नुभयो, "तैंले गर्भवती हुँदा पाउने कष्ट र छोरा-छोरी जन्माउँदा पाउने पीडा म बढाउनेछु। त्यसो भएर पनि तैंले आफ्ना लोग्नेको चाहना गर्नेछस् र उसको अधीनमा बस्नेछस्।" १७ अनि उहाँले मानिसलाई भन्नुभयो, "तैंले तेरी स्वास्नीको कुरा सुनिस् र मैले नखानू भनेको फल खाइस्, तेरो यस कामले गर्दा भूमिमाथि सराप पर्नेछ, त्यहाँबाट आफूलाई पुग्ने गरी खानेकुरा उमार्न तैंले

**जीवनभरि कठोर मेहनत गर्नुपर्नेछ। १८ त्यसले काँडा र काम नलाग्ने झार उमार्नेछ र तैंले बनका सागपात खानेछस्। १९ जुन माटोबाट तँ बनाइएको थिइस्, त्यही माटोमा नफर्कुञ्जेल तैंले भूमिबाट केही कुरा उमार्न कठोर परिश्रम गरी पसिना चुहाउनुपर्नेछ। तँ माटोले बनेको थिइस् र फेरि माटै बन्नेछस्।" २० आदमले आफ्नी स्वास्नीको नाम हव्वा राखे किनभने उनी सबै मानिसजातिकी आमा थिइन्। २१ अनि परमप्रभु परमेश्वरले आदम र उनकी स्वास्नीका निम्ति पशुका छालाका वस्त्र बनाइदिनुभयो र तिनीहरूलाई पहिऱ्याइदिनुभयो।"**

आदम र हव्वा उत्कृष्ट र सिद्ध संसारमा रहेका थिए। तिनीहरू रहने बगैंचा यस परमेश्वरको संसारमा रहेको घर जस्तो थियो। आफ्ना सृष्टिकर्तासँग मुखामुख कुरा गर्ने शुभअवसर तिनीहरूलाई दिइएको थियो। तिनीहरूको पहिलो पापले परमेश्वरसँगको सम्बन्ध यस्तरी टुक्रियो कि त्यसलाई जोड्न झन्दै असम्भव भएको थियो। तर त्यो टुटिएको सम्बन्धलाई कसरी जोड्ने भन्ने योजना परमेश्वरले पहिले नै तर्जुमा गरिसक्नुभएको थियो। आदम र हव्वालाई न्यायिक फैसला सुनाउनु भन्दा पहिले नै परमेश्वरले तिनीहरूलाई मुक्तिदाताको आशा दिनुभएको थियो (उत्पत्ति ३:१५)।

"परमेश्वरको सामु आदम र हव्वा अपराधी भएर खडा भएका थिए। तिनीहरूको पापले गर्दा तिनीहरूले भोग्नुपर्ने सजायँ सुन्न पर्खेर बसेका थिए। तर तिनीहरूले गरेका पापको फल (जुन जीवनभरि कष्ट र त्यसपछि मृत्यु पाएका थिए) सुन्नु भन्दा पहिले तिनीहरूले त्यो वचन सुने जसले तिनीहरूलाई आशावादी बनाएका थिए (उत्पत्ति ३:१५)। तिनीहरूले दुःख त पाउनै पर्छ.....तर पूर्ण विजयको निम्ति तिनीहरू अघि हेर्न लगाएका थिए।"-एलेन जी ह्वाइट, *डाट आइ मे नो हिम,* पृ. १६बाट रूपान्तरित।

त्यस विजयको अर्थ के हो भनेर परमेश्वरले तिनीहरूलाई देखाउनुभएको थियो। तिनीहरूको नाङ्गोपना र लाजलाई छोप्न परमेश्वरले छालाका पोसाक लगाइ दिनुभएको थियो। बाइबलले त्यो छाला कहाँबाट आयो भनेर उल्लेख नगरेतापनि त्यसको निम्ति निर्दोष जनावर मर्नुपरेको थियो भनेर हामी अनुमान गर्न सक्दछौं। र त्यो जन्तु

बलि भएर मर्नु परेको निष्कर्ष हामी निकाल्न सक्दछौं (उत्पत्ति ३:२१)।

पापी आदम र हव्वालाई परमेश्वरले लुगाको उपहार दिनुभएको थियो। त्यो परमेश्वरले पापी मानिसहरूको निम्ति गरिने कामको चित्रण थियो। इस्राएलीहरूले मरुभुमीको पवित्र बासस्थानमा गरिने विभिन्न बलिप्रथाहरूले परमेश्वर र उहाँका जनहरूको बीचमा हुने विशेष सम्बन्धको प्रत्याभूति दिएको थियो। त्यसरी नै जब परमेश्वरले आदम र हव्वालाई अदनको बँगैचामा लुगा दिनुभयो, त्यसले परमेश्वरको हित तिनीहरूमाथि परिवर्तन भएको छैन भनेर तिनीहरूले सान्त्वना पाएका थिए।

त्यसकारण मानव इतिहासको प्रारम्भिक कालदेखि नै बलिप्रथाले येशूको मृत्युलाई औंल्याइएको थियो। त्यसले पापी मानिसहरू परमेश्वरसँग एक हुनसक्दछ भनेर देखाइएको थियो। जतिपनि बलिप्रथाहरू पवित्र मन्दिरमा चलाउँथ्यो ती येशूको मृत्युको विभिन्न प्रतिकहरू हुन् भनेर देखाएका थिए।

**दोषी दम्पतीलाई परमेश्वरले न्यायिक फैसला सुनाउनुभन्दा पहिले परमेश्वरले बोल्नुभएको वचनबाट तपाईं के सिक्नुहुन्छ? तिनीहरूले पाउने पूर्ण विजयको बारेमा तपाईं के भन्नुहुन्छ? हामी पापी भएतापनि हामीप्रति परमेश्वरको दृष्टिकोण कस्तो छ भनेर उत्पत्ति ३:८-२१ले कसरी देखाउँदछ? त्यसलाई फेरि पढ्नुहोस्।**

## २. विभिन्न प्रकारका बलि र भेटीहरू (प्रस्थान १२:२१-२७)

इस्राएलको पौराणिक कालमा अर्थात् पुरानो करारको समयमा जुन् येशूको मृत्यु हुनुभन्दा पहिले थियो, विश्वासीहरूले परमेश्वरको मन्दिरमा विभिन्न बलि र भेटीहरू ल्याउँथे। ती बलि र भेटीहरू विभिन्न कारणको निम्ति ल्याउँदथे। शुद्ध पशुहरू, अन्न, पेय पदार्थ र अन्य वस्तुहरू परमेश्वरको मन्दिरमा चढाउन तिनीहरूले ल्याउँथे। परमेश्वरको मन्दिरमा हुने पशु बलिप्रथा सबभन्दा पुरानो थियो। मन्दिरमा पुजारीहरूले गर्ने विभिन्न कार्यक्रमहरूमा पशु बलिचाहिँ इस्राएलको धार्मिक विधिको केन्द्रविन्दु थियो। कुनै पनि धार्मिक जीवन पशुबलि बिना कहिलै पनि सुनिन्दैन्थ्यो।

देहायका पदहरूमा परमेश्वरको निर्देशन अनुसार विभिन्न बलि तथा भेटीहरू ल्याउन मोशाद्वारा अन्हाउनुभएको लेखिएको छ। ती के के हुन् हेर्नुहोस्ः प्रस्थान १२:२१-२८, “२१ मोशाले इस्राएलका सबै नाइकेहरूलाई बोलाएर भने, “तिमीहरू हरेकले एउटा भेडा वा बाख्राको पाठो छानेर मार्नू र तिम्रा परिवारहरूले निस्तार-चाड मनाउन सकून्। २२ हिसपको एउटा सानो स्याउलो लेओ, त्यसलाई पाठोको रगतको भाँडोमा चोप र तिम्रो घरका ढोकामा खम्बा र ढोका मास्तिर रगत पोतिदेओ। बिहानसम्म घरबाट कोही पनि बाहिर निस्कनेछैन। २३ जब परमप्रभु मिश्रीहरूलाई मार्नलाई मिश्रका बीचबाट भएर जानुहुनेछ, उहाँले तिम्रा दैलाका खम्बाहरू र चौकोसमाथि रगत देख्नुहुनेछ र मृत्युको दूतलाई तिम्रा घरमा पस्न र तिमीहरूलाई मार्न दिनुहुनेछैन। २४ तिमीहरू र तिमीहरूका सन्तानले यो नियम सदाको निम्ति मान्नुपर्नेछ। २५ परमप्रभुले तिमीहरूलाई दिन प्रतिज्ञा गर्नुभएको देशमा पसिसकेपछि पनि यो रीति तिमीहरूले मान्नुपर्नेछ। २६ तिम्रा सन्तानहरूले ‘यस विधिको अर्थ के हो?’ भनी सोधे भने २७ तिमीहरूको उत्तर यो हुनेछ, ‘यो परमप्रभुलाई आदर गरेर मनाएको निस्तार-चाड हो किनभने उहाँले मिश्रमा भएका इस्राएलीहरूका घरहरूलाई बचाउनुभएको थियो। उहाँले मिश्रीहरूलाई मार्नुभयो तर हामी इस्राएलीहरूलाई बचाउनुभएको थियो।” इस्राएलीहरूले घुँडा टेकेर उहाँलाई आराधना गरे। २८ तब तिनीहरू गए र परमप्रभुले मोशा र हारूनलाई दिनुभएको आज्ञाअनुसार सबै कुरा गरे।", लेवी २:१-३, “कसैले परमप्रभुलाई अन्नबलि चढाउँछ भने त्यसलाई पहिले पिंधेर पिठो पार्नुपर्छ। त्यसमा त्यसले जैतुनको तेल हालोस् र माथिबाट धूप राखोस् २ अनि हारून वंशका पूजाहारीकहाँ ल्याओस्। सेवा गर्ने पूजाहारीले त्यो पिठो र तेल एक मुट्ठी लिएर र जम्मै धूप परमप्रभुलाई चढाएको चिन्हको रूपमा वेदीमा डढाओस्। त्यस अन्नबलिको मीठो बास्नाले परमप्रभुलाई खुसी पार्नेछ। ३ उब्रेको अन्नबलि पूजाहारीहरूको भाग हो। त्यो परमप्रभुलाई चढाएको अन्नबलि लिइएको हुनाले अति पवित्र छ।", प्रस्थान २५:१-७ “परमप्रभुले मोशालाई भन्नुभयो, २ “इस्राएलीहरूलाई भन् कि तिनीहरूले मलाई भेटी चढाऊन्। जसले जे दिन्छ, सो ग्रहण गर्। ३ यी भेटीहरू सुन, चाँदी, काँसा, ४ मिहिन सुती कपडा, नीला, बैगुने र राता ऊन, बाख्राका भुत्लाले

बनेका कपडा, ५ रङ्गाएर रातो बनाएको भेडाका छाला, नरम र राम्रा छाला, बबुलका काठ, ६ बत्तीको निम्ति तेल, अभिषेक गर्ने तेल र मीठो बास्ना भएको धूपको लागि मसलाहरू, ७ मुख्य पूजाहारीको एपोद र छाती-पातामा लगाउने आनिक्स र अरू दामी रत्नहरू हुनुपर्छ।" र लैबीहरू ४:२७-३१, "साधारण मानिसहरूमध्ये कसैले अन्जानमा पाप गरेर परमप्रभुको कुनै आज्ञा तोडेर दोष गरेको छ भने २८ त्यसलाई त्यस पापको बारेमाजनाईदिनेबित्तिकै त्यसले एउटी निष्खोट बाख्री बलि गर्न ल्याओस्। २९ त्यस बाख्रीको टाउकोमा आफ्नो हात राखोस् र वेदीको उत्तरपट्टि, जहाँ होमबलिको निम्ति पशुहरू काटिन्छन्, त्यहाँ त्यसलाई काटोस्। ३० पूजाहारीले बाख्रीको रगतमा औंला चोपेर वेदीको चार कुनाका सिङजस्ता चोसाहरूमा रगत लगाओस् र बाँकी रगत वेदीको फेदमा खन्याओस्। ३१ त्यसपछि त्यसको जम्मै बोसो, मेलबलिमा चढाइएको पशुको बोसो उठाएझैं त्यसले उठाओस् र वेदीमाथि जलाओस् अनि त्यसको मीठो बास्नाले परमप्रभुलाई खुसी पार्नेछ त्यसरी पूजाहारीले त्यस मानिसको पापको निम्ति बलि चढाउनेछ र त्यसले क्षमा पाउनेछ।"

परमेश्वरकै आदेश अनुसार विभिन्न भेटी तथा पशुबलिप्रथा चलाइएका थिए। ती प्रथाले परमप्रभु परमेश्वरसँगको सम्बन्धमा विश्वासीहरू नजिक हुन सक्थ्ये। त्यसैकारण विभिन्न कारणहरूको निम्ति ती पशुबलि र भेटीहरू मन्दिरमा ल्याउँथे। परमेश्वरलाई धन्यवाद दिन अर्थात् उहाँप्रति कृतज्ञता व्यक्त गर्न, आनन्द र उत्सव देखाउन, उपहार दिन, क्षमापूजा गर्न वा आफूले गरेको भुल तथा अपराधहरूको क्षमा माग्न, पापको ज्याला तिर्न, समर्पण गर्न र पुनरुद्धार अर्थात् नयाँ जीवन बिताउन याचना गर्न ती पशुबलि तथा भेटीहरू विश्वासी यहूदीहरूले मन्दिरमा ल्याउँथे।

होमबलि (लेवी १), अन्नबलि वा भेटी (लेवी २), शान्तिबलि (लेवी ३), शुध्दिकरणको निम्ति बलि (लैव ४) र पापको निम्ति क्षमा माग्न ल्याउने बलि तथा भेटी (लेवी ५:१४-६:७)चाहिँ केहि महत्त्वपूर्ण बलि तथा भेटीहरू हुन्। प्रथम् तिन वटा भेटी तथा बलिहरूचाहिँ स्वइच्छाले ल्याउँथे। जसले जे भनेतापनि सबै थोक र हामी सबै जना परमेश्वरको अधिनमा छौं भनेर देखाउन वा सम्झना गराउन ती भेटी तथा बलिहरू ल्याउँथे। मानिसले आफ्नो सम्पूर्ण जीवन परमेश्वरमा

अर्पेको छु भनेर देखाउन होमबलि चढाउँथ्यो। हामीसँग जे छ त्यो परमेश्वरकै हो भनेर उहाँलाई अर्पण गर्न देखाउन अन्नबलिहरू ल्याउँथ्यो। ती भेटीहरूमा अन्न, पशु र अरू कुनै चिज हुनसक्थ्यो। शान्ति सम्झौताको निम्ति ल्याइने भेटी वा बलिमात्र त्यसलाई ल्याउने व्यक्तिले केहि भाग पाउँथ्यो र त्यसलाई खाइन्थ्यो।

अरू दुई बलिहरूचाहिँ आवश्यक नै थियो। मानिसहरूले भुल गर्दछन् र त्यसको नतिजा पाउँछन् तर त्यसले पाएका चोट निको हुनसक्छ भनेर देखाउन ती भेटी तथा बलिल्याइन्थ्यो। शुद्धिकरण गर्ने भेटीलाई प्रायजसो "पाप क्षमा पाउने भेटी" भनेर कहलाउँथ्यो। आफूले भयङ्कर भुल गरेपछि वा पाप गरेको महशूस भएपछि त्यसको पश्चाताप गर्न ती बलि तथा भेटीहरू परमेश्वरको मन्दिरमा ल्याउँथ्यो।

**कुनै पनि भेटी वा बलिप्रथाको मूल उद्देश्यचाहिँ हामीहरूको जीवनको प्रत्येक भाग परमेश्वरको अधिनमा छ भनेर देखाएको हुन्थ्यो। तपाईंसँग जे छ र तपाईं जे हुनुभएतापनि परमेश्वरमा अर्पण गर्न तपाईंले कसरी सिक्ने? यदि तपाईंको जीवनमा परमेश्वरको उपस्थितिको अनुभव गर्नुभएन र उहाँको उपासना गर्नुभएन भने तपाईंको जीवनको गति के हुन्छ, कहिलै सोच्नुभएको छ?**

## ३. मोरियाको पहाडमा बलि (उत्पत्ति २२:१-१९)

जिउँदो बलि भनेको के रहेछ भनेर यहूदीहरूका पूर्खा अब्राहमले के सिके? हेर्नुहोस्, उत्त्पत्ति २२:१-२२ **"केही समयपछि परमेश्वरले अब्राहामलाई जाँच्नुभयो र "हे अब्राहाम" भनी बोलाउनुभयो। अब्राहामले उत्तरमा भने, "हजुर, म यहाँ छु।"**

**२ परमेश्वरले भन्नुभयो, "तेरो एकमात्र छोरो इसहाक, जसलाई तँ औधी प्रेम गर्छस्, त्यसलाई लिएर मोरीयाह देशमा जा। त्यहाँ म तँलाई एउटा डाँडा देखाउनेछु र त्यस डाँडामा तैंले त्यसलाई मेरो लागि होमबलि गर्।" ३ भोलिपल्ट बिहानै अब्राहामले होमबलिको लागि केही दाउरा काटे, आफ्नो गधामा भारी बाँधे र इसहाक र दुई जना चाकरहरू साथमा लिए। परमेश्वरले उनलाई भन्नुभएको ठाउँमा जान तिनीहरू हिंडे। ४ तेस्रो दिनमा अब्राहामले त्यस ठाउँलाई टाढैबाट देखे। ५ तब उनले आफ्ना चाकरहरूलाई भने, "तिमीहरू यहीं गधासँग बस। म र यो**

केटो त्यहाँ गई आराधना गर्नेछौं। त्यसपछि हामी फर्की आउनेछौं।” ६
होमबलिको लागि लिएका दाउरा अब्राहामले इसहाकलाई बोक्न लगाए र
आफैंले चाहिँ एउटा छुरी र आगो सल्काउन केही बलिरहेका आगोका
कोइला लिए। सँगसँगै हिँडिरहेको बेलामा ७ इसहाकले “बुबा!” भनी
बोलायो। उनले जवाफ दिए, “के हो, मेरो छोरो? ” इसहाकले सोध्यो,
“हामीसित आगो र दाउरा त छन् तर होमबलिको निम्ति भेडाको थुमा
खोइ?” ८ अब्राहामले उत्तर दिए, “परमेश्वर आफैंले थुमा
जुटाइदिनुहुनेछ।” अनि ती दुई सँगसँगै अघि बढे। ९ परमेश्वरले
भन्नुभएको ठाउँमा पुगेपछि अब्राहामले एउटा वेदी बनाए र त्यसमाथि
दाउराहरू मिलाएर राखे। उनले आफ्नो छोरा इसहाकलाई बाँधेर वेदीमा
दाउरामाथि राखे। १० तब छोरालाई बलि गर्न उनले छुरी उठाए। ११
तर परमप्रभुका दूतले स्वर्गबाट उनलाई हपारे, “अब्राहाम, ए अब्राहाम!”
उनले जवाफ दिए, “हजुर, म यहाँ छु।” १२ दूतले भने, “केटोलाई हात
नलगा, त्यसलाई केही नगर्। मैले अब जानें कि तैंले परमेश्वरको डर
मान्दोरहेछस् किनभने तैंले आफ्नो एउटै छोरालाई पनि उहाँदेखि अलग
गरी बचाइराख्न चाहिनस्।” १३ अब्राहामले चारैपट्टि हेरे र एउटा
झाडीमा सिङ अल्झेर अड्किरहेको एउटा साँढ-भेडा देखे। उनले गएर
त्यस भेडा ल्याए र छोराको सट्टामा त्यसलाई होमबलि चढाए। १४
अब्राहामले त्यस ठाउँको नाम ‘परमप्रभुले जुटाउनुहुन्छ’ राखे र आजसम्म
मानिसहरू यसो भन्छन्, “परमप्रभुका डाँडामा उहाँले जुटाइदिनुहुन्छ।”
१५ परमप्रभुका दूतले दोस्रोचोटि स्वर्गबाट अब्राहामलाई बोलाएर भने,
१६ “म आफ्नै नाममा शपथ खाँदछु। परमप्रभु भन्दै हुनुहुन्छ, म तँलाई
धेरै आशिष् दिनेछु। तैंले यो काम गरिस् कि तेरो एउटै छोरालाई पनि
मबाट रोकी आफैंसँग राख्न खोजिनस् १७ यसर्थ म यो प्रतिज्ञा गर्दछु कि
आकाशमा भएका ताराहरू वा समुद्रका किनारमा भएका बालुवासरह गरी
म तँलाई सन्तान दिनेछु। तेरा सन्तानले आफ्ना बैरीहरूलाई जित्नेछन्।
१८ सबै जातिका मानिसहरूले तिनीहरूलाई, तेरा सन्तानलाई जस्तो गरी
आशिष् दिन मलाई बिन्ती गर्नेछन्। सबैले त्यसो गर्नेछन् किनभने तैंले
मेरो आज्ञा मानिस्।” १९ अब्राहाम फर्केर आफ्ना चाकरहरूकहाँ गए र
तिनीहरू सँगसँगै बेर्शेबा गए। अब्राहाम बेर्शेबामा बसोबास गर्न लागे।"

अब्राहमको परिक्षा, परमेश्वरप्रति आस्था देखाउन विश्वासै गर्न नसकिने चुनौती थियो। तर अब्राहमले त्यस कठिन परिक्षा भोगाउन परमेश्वरको उद्देश्य के थियो? परमेश्वरले दिनुभएका प्रतिज्ञाहरू अनुसार नै अब्राहमको जीवन चलेको थियो। ती प्रतिज्ञाहरूमाः कबूल गरिएको देश, भावी सन्ततीहरू, आशिषहरूको ओइरो, बुढेसकालमा पनि आफ्नै छोरो हुने र ल्याइतेबाट जन्मिएको इश्मायललाई पनि परमेश्वरको हेरचाह। अब्राहमले कयौं पटक होमबलि परमेश्वरलाई चढाए, तर परमेश्वरको कबूल पूरा होस् भन्ने हेतुले ती होमबलिहरू उनले चढाएका थिए। तर जब उत्त्पत्ति २२मा अब्राहमले पाएको आदेशमा परमेश्वरको कुनै कबूल समावेश भएको थिएन। तर जीवित प्रतिज्ञा आफ्नै छोरोलाई होमबलि चढाउनु भनेर परमेश्वरले अब्राहमलाई निर्देशन दिनुभएको थियो। जब परमेश्वरको आज्ञालाई उहाँसँग कुनै विवादै नगरि उनले शिरोपर गरे तब त्यसले अब्राहमको जीवनमा परमेश्वर नै सर्वोपरि हुनुभएको स्पष्ट पारेको थियो।

“दुई कारणले गर्दा परमेश्वरले अब्राहमलाई आफ्नो पुत्रलाई होमबलि चढाउनु भन्नुभएको थियोः (१) सुसमाचारको सन्देश कतिको आवश्यक र गरिमामय रहेछ भन्ने आत्मज्ञान सिकाउन र (२) परमेश्वरप्रति उनको आस्था कतिको बलियो छ भनेर जाँच्न। जब त्यस कठोर परिक्षाको सामना अब्राहमले गर्नुपरेको थियो, उनको निम्ति त्यो अन्धकारको दिन थियो र मानसिक रूपमा उनले महान् कष्ट भोग्न वाध्य हुनुपरेको थियो। त्यस परिस्थितिमा अब्राहम पर्न परमेश्वरले अनुमति दिनुभएको थियो। मानिसको मुक्तिको निम्ति परमेश्वरले कस्तो महान् त्याग गर्नुहुनेछ भनेर आफ्नै अनुभवद्वारा अब्राहमले (र सारा मानव जगत) बुझुन् भन्ने हेतुले त्यो जाँच गर्न लगाउनुभएको थियो। आफ्नै पुत्रलाई बलि चढाउने जस्तो आत्मिक र मानसिक पिडा अब्राहमको निम्ति अरू कुनै हुन सक्दैनथ्यो। तर उनको भन्दा वढि पिडा परमेश्वरले खप्नु भएको थियो किनकि मानव कल्याणको निम्ति आफ्नै पुत्रलाई महान् कष्ट र बेइज्जत सहेर मृत्युमा पार्न उहाँले त्याग गर्नु भएको थियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १५४बाट रूपान्तरित।

जब आफ्नै पुत्रलाई होमबलि चढाउन अब्राहमले सुरेको बेलामा उनले दुई गरिमामय नितिहरू बुझ्न पाएका थिए। प्रथमत, परमेश्वर आफै बाहेक अरू कसैले मानिसको मुक्तिको निम्ति असल त्याग वा बलिदिन दिन सक्दैन भनेर देखाएको थियो। कुनै पनि मानिसलाई मानिसले नरबलि दिएर मोक्ष प्राप्त गर्न सक्दैन तर परमेश्वर आफैले बलिको चाँजोफाँजो तय गर्नुभएको थियो भनेर अब्राहमको अनुभवले बताउँदछ। जब जुन स्थानमा परमेश्वरले अब्राहमलाई आफ्नो छोरोको होमबलि चढाउन मनाही गर्नुभयो तव त्यस स्थानलाई "याहवे जिरह" (YHWH Jireh) भनेर उनले नामाङ्करण गरेका थिए। त्यसको अर्थ, "परमेश्वरले नै जुटाउनुहुन्छ" हो। दोस्रोमा असली बलिचाहिँ मानिसको सट्टामा हुने हो भनेर देखाएको थियो। इसहाकलाई जीवन दिने बलि प्रभु येशू मात्र हुनुहुन्छ भनेर त्यस कार्यले देखाएको थियो। असल बलि वा येशूको मृत्यु नहुँञ्जेल उहाँलाई औंल्याउन भेँडालाई होमबलि चढाउने विधि आदम र हव्वालाई पाप गरेदेखि नै सुरू गरिएको थियो। तत्कालिन इसाहकको सट्टामा झाङ्गमा अड्किएको भेँडालाई होमबलि चढाएको थियो (उत्पति २२:१३)। त्यो पशु परमेश्वरको थुमा ख्रीष्ट येशूको प्रतिक थियो। पशुमाथि होइन, येशूमाथि नै हामीहरू सबैको पाप खन्याइदिनुहुनेछ भन्ने आत्मज्ञान अब्राहमको अनुभवले हामीलाई सिकाउँदछ (यशैया ५३:६,७, प्रेरित ८:३२)।

**अब्राहमको भक्तिलाई सम्झन्दा परमेश्वरप्रति उनको समर्पणता कस्तो रहेछ भनेर हामी छक्क पर्न सक्दछौं। आफ्नै पुत्रलाई होमबलि चढाउन आदेश पाउँदा उनलाई कस्तो कष्ट भयो होला? अन्तिम पटक तपाईंले कस्तो खालको अनुभव गर्नुभयो होला जसमा विश्वासद्वारामात्र हात अघि बढाउनु परेको थियो र सो गर्दा तपाईंले धेरै कष्ट भोग्नु परेको थियो। तपाईंको त्यस कामले के पाठ सिक्नुभयो? त्यसबाट विश्वासको असली ज्ञान तपाईंलाई कसरी प्राप्त भयो?**

## ४. ज्यानको बदलामा ज्यान (लेवी १७:१०-१२)

लेवी १७:१०-१२मा रगतको बारेमा वाख्या गरिएको छ। परमेश्वरले रगतलाई कुन दृष्टिकोणले हेर्नहुन्छ? हेर्नुहोस्: "कुनै इस्राएली वा त्यस समाजमा बास गर्ने विदेशीले रगतैसितको मासु खायो भने

**परमप्रभु त्यसको विरुद्धमा खडा हुनुहुन्छ र त्यसलाई मेरो आफ्नो जन हो भनी ग्रहण गर्नुहुन्न। ११ हरेक जिउँदो प्राणीको ज्यान रगतमा हुँदछ त्यसैकारण परमप्रभुले सबै रगत इस्राएलीहरूका पाप काट्न वेदीमा खन्याइदिनू भनी आज्ञा गर्नुभएको हो। रगत जीवन हो र त्यसले पाप काट्दछ। १२ त्यसैकारण परमप्रभुले इस्राएलीहरूलाई भन्नुभएको छ कि तिनीहरूले वा तिनीहरूका माझमा बास गर्ने कुनै विदेशीले रगतसँगको मासु नखाऊन्।"**

रगतसँग मिसाएर मासु नखानु भनेर परमेश्वरले इस्राएलीहरूलाई भन्नुभएको थियो भनेर माथिका पदहरूले बताउँदछन्। त्यो आदेशमा घतलाग्दो कारण परमेश्वरले दिनुभएको छ। मानिसको पाप चोख्याउन मानिसै मर्नुपर्ने ठाउँमा पशुबलि दिएर रगत बगाउनु पर्छ भन्ने उहाँको उर्दी थियो। रगतद्वारा मानिसको जीवन प्रस्तुत गरिएको थियो। अरूको ज्यान बचाउन आफ्नो नभएतापनि अरूको भएपनि रगतै बगाउनु पर्दथ्यो। (रगत नबगाइ आमाले बच्चा कसरी पाउँछ?-अनुवादकको जिज्ञासा)। अब्राहमलाई त्यो निति मोरियाहको पहाडमा स्पष्ट पारिएको थियो। जब उनले आफ्नो छोरोलाई होमबलि दिन लागेको बेलामा परमेश्वरले रोक्नुहुँदा उसको सट्टामा भैंडाको रगत चढाउन उनलाई आदेश दिएको थियो। बाइबलको समयमा त्यो निति अत्यन्त गहकिलो र महत्त्वपूर्ण थियो। परमेश्वरले इस्राएलीहरूलाई धेरै व्यवस्था वा नितिहरू दिनुभएको थियो, त्यसमा रगतको बदलामा रगत दिने निति एक उल्लेखनीय निति हो।

परमेश्वर आफैले बलिको व्यवस्था गर्नुहुन्छ र हाम्रो पापलाई क्षमा दिने उहाँमात्र हुनुहुन्छ भनेर अब्राहमलाई उत्त्पत्ति २२मा देखाउनुभएको थियो। हिब्रू शव्दमा *मैले* भन्ने शव्द प्रयोग गरिएकोले त्यो निति अझ स्पष्ट छ, "मैले (परमप्रभुले) तिमीहरूलाई यो आज्ञा दिएँ (लेवी १७:११ रूपान्तरित)। हामीहरूको पापको मोल हामी आफैले तिर्न सक्दैनौं। त्यसकारण हाम्रो पापको ज्याला परमेश्वरले नै तिर्नु पर्दछ।

संसारका कतिपय धार्मिक संस्कारहरूमा बलिप्रथा छन्, तर बाइबलको अनुसार अरू संस्कारहरूमा भन्दा बाइबलमा उल्लेख गरिएको बलिप्रथाको अर्थ अत्यन्त फरक छ। मानिसको अथक

प्रयासद्वारा परमेश्वरलाई खुशी पार्न वा प्रसन्न पार्ने होइन भनेर बाइबलले सिकाउँदछ। परमेश्वरको पवित्र सम्मुखमा मानिस आउने बाटो उहाँले नै तयार गर्नुहुन्छ भनेर बाइबलबाट हामी सिक्दछौं। हाम्रो पापको मोल तिर्न ख्रीष्ट आफैले आफ्नो रगत बगाउनुभएको थियो। (सैतानले हामीलाई अपहरण गरेको छ। त्यो अपहरणले गर्दा हामी पापमा फसेकाछौं। त्यस अपहरणबाट छुटाउन मोल तिर्नुपर्दछ जुन येशूले आफ्नै रगतबाट तिर्नुभएको थियो-अनुवादकको टिप्पणी)।

**यद्यपि, परमेश्वरको मनसायलाई बिर्सेर मानिसहरूले बलिप्रथा केवल धर्म कमाउनमात्र प्रयोग गरिएको हामी पाउँछौं। बलिप्रथालाई केवल रितिथितिको रूपमा मानिन्दा परमेश्वर रुचाउनुहुन्न किनकि जुन उद्देश्यले त्यो प्रथा जारी गरेको थियो यदि त्यो उद्देश्यबाट मानिस विचलित भयो भने त्यहाँ केहि खतराहरू उत्पन्त हुन सक्दछ। ती के हुन् त? हेर्नुहोस्: १ शमूयल १५:२२, "शमूएलले भने, "परमप्रभुले कुन कुरा बढ्ता रुचाउनुहुन्छ? आज्ञापालन, भेटी वा बलि? सबैभन्दा असल भेडा बलिदान गरेको भन्दा उहाँको आज्ञापालन गरेको अझ बढी असल हो।" र मीका ६:६-८, "परमप्रभु स्वर्गका परमेश्वरलाई पुज्न आउँदा म उहाँकहाँ के लिएर आऊँ? के असल बाछ्राहरू बलि चढाउन लिएर आऊँ? ७ मैले हजारौं भेडाहरू वा बगेर नसकिने खोलाझैं जैतुनको तेल ल्याएँ भने परमप्रभु खुसी हुनुहुन्छ? के म उहाँलाई मेरो पापको लागि जेठो छोरो चढाऊँ? ८ अँहँ, होइन! के कुरो असल छ, प्रभुले हामीलाई बताउनुभएको छ। हामीबाट उहाँले यी कुरा चाहनुहुन्छ; जे कुरा न्यायसङ्गत छ, त्यो गर्नू, निरन्तर प्रेम गर्नू र आफ्ना परमेश्वरअघि नम्रतासाथ जीवन बिताउनू।"**

मानिसको हृदयको भावनाको सट्टामा बलिप्रथा चलाउने परमेश्वरको योजना कहिलै भएको थिएन। बरू त्यसको उल्टोचाहिँ हो। बलिप्रथाले भक्तहरूको हृदय परमेश्वरमा खुला राखिनु पर्ने थियो। बलिप्रथाले परमप्रभु परमेश्वर र हाम्रो बीचको आत्मिक सम्बन्धलाई व्यक्त गर्नुपर्छ र त्यसले त्यो भन्दा उत्कृष्ट बलि येशूलाई औंल्याउँछ भन्ने आत्मिक ज्ञान सजिलैसँग भुल्न सक्दछौं। यदि ती कुराहरूलाई हामीले विर्सिदियौं भने बलिदिने हाम्रा प्रथाहरू केवल रितिथितिमात्र

हुनसक्छ र हामीहरूको पापलाई चोख्याउनु सजिलो बाटो अपनाएको देखाउँदछ।

बलिप्रथासँगै परमेश्वर चाहनुहुन्छ कि हामीहरूको हृदय उहाँसँग ठिक हुनुपर्दछ (भजन ५१:१६,१७)। धर्मको पोसाक ओढेर नक्कली धर्मात्मा बन्ने प्रवृत्तिलाई परमेश्वरको अगमवक्ताहरूले बारम्बार विरोध गरेका थिए। "न्याय गर्नु, दयामायाप्रति मोहित हुनु र परमेश्वरसँग नम्र तथा नरम भएर हिँड्नु" भनेर परमेश्वरको सन्देशवाहकहरूले सम्बोधन गरेका थिए। (मीका ६:६-८ रूपान्तरित। यस सँग यशैया १:१०-१७ पनि जोड्न सकिन्छः "१० हे यरूशलेम, तेरा शासकवर्ग र मानिसहरू सदोम र गमोराका जस्तै छन्। परमप्रभुले तँलाई के भन्दै हुनुहुन्छ, त्यो सुन्! हाम्रा परमेश्वरले तँलाई के सिकाउँदै हुनुहुन्छ, त्यसमा ध्यान दे। ११ उहाँ भन्नुहुन्छ, "के तिमीले चढाइरहेका थुप्रै बलिदानहरू म चाहन्छु भनी तिमीहरू सोच्दैछौ? मलाई त तिमीहरूले होमबलि चढाएका भेडाहरू र मोटा पशुका बोसोले नाक लागिसक्यो। साँढेहरू, भेडाहरू र बोकाहरूका रगतले मलाई वाक्क लागिसक्यो। १२ मलाई पुज्न आउँदा यी सबै कुरा ल्याउनुपर्छ भनी कसले तिमीहरूलाई भन्यो? कसले मेरो मन्दिरमा तिमीहरूलाई खुट्टाले कुल्ची-मिल्ची गर्न लगायो? १३ तिमीहरूका भेटीहरू ल्याउनु व्यर्थ छ। तिमीहरूले बालेका धूपसित म विरक्त भइसकें। तिमीहरूका औंसीका चाड, विश्रामको दिन पालन र धार्मिक सभाहरू मैले सहन नसक्ने भएका छन्। तिमीहरूका पापले गर्दा ती भ्रष्ट भएका छन्। १४ म तिम्रा औंसी र अरू पवित्र चाडका दिनहरूलाई घृणा गर्दछु। ती मैले बोक्न नसक्ने भार भएका छन्। १५ "तिमीहरूले प्रार्थनामा हात उचाल्दा म आफ्नो मुख अर्कोतिर फर्काउनेछु। तिमीहरूले जति धेरै प्रार्थना गरे पनि म ती सुन्नेछैनँ किनभने तिमीहरूका हातमा हत्या गरेका रगत लागेको छ। १६ आफैंलाई धोएर चोखो पार। जुन दुष्कर्म तिमीहरूले गरेको म देख्दछु, ती बन्द गर। हो, दुष्कर्म छोड १७ र ठीक काम गर्न सिक। सबैको निसाफ गर, अत्याचारमा परेकाहरूलाई सहायता गर, टुहुरा-टुहुरीहरूको हकको खोजी गरिदेऊ, रक्षा गरिदेऊ र विधवाको पक्षमा बोल।"

हामी इसाई भनेर दावी त गर्दछौं तर हामी पनि त्यही फन्दामा (अर्थात् धार्मिक रितिथिति त पालन गर्ने तर परमेश्वरको सदिच्छाचाहिँ पालन नगर्ने) सजिलैसँग कसरी पर्न सक्दछौं? चर्चमा नियमित रूपमा आउने, चर्चको सबै कार्यक्रममा विधिपूर्वक वा धर्मात्मा छु भनेर भाग लिएर देखाउने तर इस्राएलीहरूको पालमा जस्ता तिनीहरूको मनस्थिति बोकेर परमेश्वर र अरूप्रति न्यायोचित व्यवहार नगरी बस्न पनि हामी कसरी सक्दछौं? त्यस भूलबाट हामी कसरी पन्छिएर बस्न सक्दछौं?

## ५. वर्तमान परिप्रेक्ष्यमा बलिप्रथा/जीवित बलि (रोमी १२:१,२)

मानिसको बदलामा येशू ख्रीष्ट क्रुसमा बलि हुनुभयो र मर्नुभयो तब पशु बलिको औचित्य समाप्त भएको थियो। (यहूदी धर्मका अनुयायीहरूले येशूमाथि आस्था नराखेतापनि उहाँको मृत्युपछि ती धर्ममा पशुबलिको स्वत अन्त भएको हुनाले तिनीहरूको बीचमा पशुबलिको चलन पनि अन्त भएको हुनाले अहिले त्यो प्रथा तिनीहरूमा छैन)। तर नयाँ करारले अर्को किसिमको बलिको आवश्यकता भएको चर्चा गरिएको छ।

परमेश्वरको सम्मुख आराधना गर्न आउँदा वा हामी उहाँको नजिक भएको आभास् पाउन कस्तो खालको भेटी वा बलि उहाँकहाँ ल्याउनु पर्दछ भनेर देहायका पदहरूले भन्दछन्? हेर्नुहोस्ः रोमी १२:१,२ "मेरा प्यारा दाजुभाइहरू, परमेश्वरको धेरै दया तिमीहरूमाथि भएको छ। त्यसैले आफ्नै शरीर पवित्र र परमेश्वरलाई मनपर्दो जिउँदो बलिदान बनाएर परमेश्वरको सेवा गर्न उहाँको सामु चढाओ भनेर म तिमीहरूलाई बिन्ती गर्दछु। तिमीहरूको आत्माले गर्नुपर्ने साँचो आराधना पनि यही नै हो। २ तिमीहरूले संसारका मानिसहरूका देखासिकी गरेर उनीहरूजस्तै हुने इच्छा नराख, अब आफ्नो मनमा नयाँ भई परिवर्तन होओ। त्यसो भए मात्र तिमीहरूले परमेश्वरको इच्छा के रहेछ, पत्ता लाउन सक्छौ अनि कुन कुरो असल छ, कुन कुरोले परमेश्वरलाई खुसी तुल्याउँछ अनि कुनचाहिँ कुरा पक्का हो, त्यो तिमीहरूलाई छर्लङ्ग थाहा हुन्छ।", फिलिप्पी ४:१८, "मैले पाउनुपर्नेभन्दा बढ्ता पाएको छु। तिमीहरूले इपाफ्रोडिटसको हातमा पठाइदिएका दानहरू पाएर म तृप्त भएको छु। ती दानहरूचाहिँ परमेश्वरलाई मनपर्ने सुगन्धित र ग्रहणयोग्य

**बलिदान हुन्।" हिब्रू १३:१५,१६, "१५ यसकारण हामी सधैं येशूको नाउँमा परमेश्वरलाई स्तुतिको बलिदान चढाऔं। यो त उहाँको नाउँ लिनेहरूका ओठले चढाएको भेटी हो। १६ एक-अर्काको भलाइ गर्न र मद्दत गर्न नबिर्स। परमेश्वरलाई मन पर्ने बलिदान यही नै हो।" र १ पत्रुस २:५, "५ तिमीहरू पनि जिउँदा ढुङ्गाहरू भएर आओ र आत्मिक मन्दिर बनाउन आफैंलाई सुम्पिदेओ। त्यहाँ तिमीहरू येशू ख्रीष्टको नाताले गर्दा परमेश्वरलाई मनपर्दो आत्मिक बलिदान चढाउने पवित्र पूजाहारीको काम गर्नेछौ।"**

परमेश्वरको पवित्र मन्दिरमा गरिने पशुबलिको भाषालाई जीवनमा उतार्न प्रारम्भिक इसाईहरू पोख्त भएका थिए। जसरी पशुलाई बलिको निम्ति ल्याइन्छ र उसलाई समर्पण गरिन्छ त्यसरी नै येशूमा विश्वास गर्नेहरू परमेश्वरको सेवामा पूर्ण रूपमा समर्पण गर्नुपर्छ भनेर तिनीहरूको अठोट थियो। जब पावलले जीवित बलिको कुरा गरेका थिए, उनले आफ्नै त्याग वा बलिको बारेमा चर्चा गरेका थिए। जब उनको मृत्युको समय नजिकिन्दै थियो तब आफू परमेश्वरको निम्ति पेय भेटी वा दान भनेर सम्बोधन गरेका थिए (फिलिप्पी २:१७, २ तिमोथी ४:६)।

**रोमी १२:१मा गरिएको अनुरोध जुन् परमेश्वरको निम्ति जीवित बलि हुनु भनिएको छ, त्यस सत्य आत्मज्ञानलाई हामीले हाम्रो जीवनमा कसरी उतार्ने?**

"जीवित बलि वा जिउँदो शहिद"को अर्थ मानिसको सम्पूर्ण व्यक्तित्वलाई परमेश्वरमा अर्पण गर्नु हो। त्यसको अर्थ येशू धर्ममा आफू लागेको छु भनेर मुखले मात्र नभनी शरीरलाई पनि उहाँमा सुम्पनु हो। यसको अर्थ मानिसभित्र रहेको सम्पूर्ण आत्मा, दिमाग, शारीरिक जीवनलाई परिवर्तन गरी आफू येशूमा काँचुली फेरिएको छ भनेर देखाउनु हो (रोमी १२:२)। अर्को शव्दमा भन्ने हो भने परमेश्वरको सेवा गर्ने उद्देश्य बोकेर अरू मानिसहरूभन्दा अलग भएर पवित्र वा शुद्ध भएको घोषणा गर्नु हो। परमेश्वरको सदाशयता, करूणाले गर्दा येशूभक्तहरू पूर्ण रूपमा जीवनको स्वामीमा आफूहरूलाई अर्पण गरेको हुन्छ भनेर रोमी १२:१-११मा उल्लेख गरिएको छ। ख्रीष्ट हाम्रो बलि

हुनुहुन्छ भनेर ती पदहरूले बताउँदछन्। उहाँको बलिले हाम्रो निम्ति उद्धार वा मोक्षको बाटो खोलिदिएको छ।

यदि कोही इसाई हुँ भनेर दावी गर्दछ भने ख्रीष्टको प्रतिलिपि हुनु भनेर पावलले चुनौती दिँदछन्। यदि कुनै इसाई वा येशूभक्तले परमेश्वरको अनुग्रहको आत्मज्ञानको सत्यलाई बुझ्न सक्यो भने उसले आफ्नो जीवन परमेश्वरलाई सुम्पिन्छ र अरूको सेवामा प्रेमपूर्वक लाग्दछ। हाम्रो निम्ति ख्रीष्टले आँशिक होइन पुरै बलि हुनुभएको थियो भनेर प्रमाणित गर्ने विद्या नै परमेश्वरमा हामी आत्मसमर्पण गर्नु र हामीहरूका सम्पूर्ण इच्छा, चाहना, महत्त्वाकाँक्षा र स्वार्थलाई उहाँको इच्छा अनुसार ढाल्दै लानु हो। अन्तमा हामीहरूको आत्मज्ञान र चर्चले सिकाएका सत्य विद्याहरू र मानव सेवाको बीचमा घनिष्ट सम्बन्ध हुनुपर्दछ भनेर हामी दावी गर्दछौं। जीवनको प्रत्येक आचरण, आदत आदिले सत्यरूपमा आफू परमेश्वरका सुम्पिएको पवित्र जाति हुँ भनेर देखाउनु पर्दछ। सत्य आराधना कहिलै पनि गोप्य रूपमा कसैको जीवनमा हुने कुरा होइन। जब कसैले येशूभक्त हुँ भनेर दावी गर्दछ उसको जीवन र अरूसँग गरिने व्यवहारमा आमूल परिवर्तन भएको छ भनेर देखाउनै पर्दछ। हाम्रो प्रभु येशूले हाम्रो निम्ति के मात्र गर्नुभयो, सोच्नुहोस्!

## उपसंहार

**थप जानकारीः** “मानिसको उद्धारको निम्ति उसको बदलीमा ख्रीष्ट किन मर्नुभयो भन्ने रहस्य स्वर्गका दूतहरूलाई बुझ्न कठिन भएको पाइएको छ। परमेश्वरको पुत्र र सारा स्वर्गका अधिपति दोषी मानिसको निम्ति किन मर्नुपर्ने भयो भनेर ती दूतहरू छक्क पर्दछन्। जब परमेश्वरले अब्राहमलाई आफ्नो पुत्रलाई होमबलि चढाउन अऱ्हाउनुभयो तब सारा स्वर्ग खुब चासो राखेर हेरिरहेका थिए। परमेश्वरको आदेश पालन गर्न अब्राहम पूरै कसरी लागे भनेर स्वर्गका जीवहरू चनाखोसाथ हेरिरहेका थिए। इसहाकले गरेको प्रश्न तिनीहरूले उत्सुकतासाथ सुनेका थिए, ‘ बुबा, होमबलिको निम्ति पाठो खोइ?’ अब्राहमको जवाफ तिनीहरूले सुने, ‘परमेश्वरको निम्ति पाठो उहाँ आफैले उपलव्ध गराउनुहुनेछ।’ अनि जब बाबुले आफ्नो छोरोलाई बलि चढाउन छुरी झिकेर रोप्न

लागेकै बेलामा परमेश्वरले रोक्नुभएको र इसाहकको बदलीमा भेँडा चढाउन पुगेको पनि ती जीवहरूले हेरेको थिए। मानिसको मुक्तिको निम्ति परमेश्वरको अचम्मको योजना कस्तो रहेछ भनेर स्पष्ट रूपमा त्यस बेलामा मात्र स्वर्गका दूतहरूले बुझ्न पाएका थिए।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १५५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. “परमेश्वरको बाटोमा हाम्रा पाइलाहरू हिँड्नेछन्। हामीहरूका ओठले सत्य बोल्नेछन् र सुसमाचारलाई फैलाउनेछौं। हामीहरूको वचनले टुक्रिएको जीवनलाई निको पार्नेछ। जो मानिस खस्के तिनीहरूलाई उचाल्न हाम्रा हातहरू प्रयोग गरिनेछन्। खान पकाउने, लुगा सिउने, सफा गर्ने लेख्ने जस्ता धेरै नम्र कामहरू हामी गर्नेछौं। एकलो महशूस भएका मानिसहरू र कसैले पनि वास्ता गरेको छैन भनेर निराश हुनेहरूलाई हामी अङ्गालो मार्नेछौं। दु:ख कष्ट पाएका मानिसहरूको क्रन्दन हाम्रा कानहरूले सुन्ने छन्। अनि हामीहरूका नजर नम्रतापूर्वक र धिरजसाथ परमेश्वरतिर लगाउनेछौं।"-आदम स्कट, *रोमीहरूलाई,* (डाउनर ग्रोभ, इलिन्वाइस्, इन्टर युनिभर्सिटी, १९९४), पृ. ३२२बाट रूपान्तरित। “जीउँदो बलि वा शहिद" हुनु भनेको के रहेछ भनेर माथिको अर्थपूर्ण उदगारले कसरी देखाउँदछ? जब हामी स्वार्थत्याग गऱ्यौं भने मात्र त्यस स्थितिमा पुग्न किन सम्बभ छ?

आ. जुन उद्देश्यले बलिप्रथा सुरूभयो त्यस उद्देश्यलाई आत्मसात् गर्नुबाट बिचलित भएर बलिप्रथा केवल धार्मिक विधिमात्र हो भनेर त्यसलाई चलनचल्तीमा ल्याउनु ठूलो समस्याको विषय किन रहेछ भनेर यस अध्यायमा हामी हेऱ्यौं। यथार्थमा बलिप्रथाको उद्देश्य परमेश्वरमा पूर्ण समर्पित जीवन बिताउनु हो। त्यस समर्पित जीवनमा अरूप्रति नरम भएर सेवा गर्नु र

प्रियपात्र भएर जीवन बिताउनु समावेश हुनुपर्दछ। सेभेन्थ-डे एडभेन्टिस्ट इसाई भएको हैसियतले हामीमा बाइबलका ज्ञानहरू छन् र नयाँ नयाँ आत्मज्ञानहरू छन् भनेर हामी दावी त गर्दछौं। तर हामीमा भएका महान् सत्य ज्ञानहरू लक्ष्य पूरा गर्न लगाउने हुन् तर त्यो आफै लक्ष्यचाहिँ होइन भनेर सोच्नु किन अनिवार्य छ?

आ. मोरियाको पहाडमा अब्राहम र इसहाकको बीचमा भएको कथालाई अत्यन्त गहिरिएर सोच्नुहोस्। कतिपय मानिसहरूले त्यस कथाले परमेश्वरको बारेमा नकारात्मक सोच पनि परेको पाइन्छ र तिनीहरूको दिमाग खलबलिएको पनि पाइन्छ। त्यस कथाले मानिसको मनमा किन तर्कवितर्क उब्जाउन सक्दछ होला?, सोच्नुहोस्। (देउतालाई खुशी पार्न नरबलि चल्ने संसारमा येशूबाहेक कुनै मानव बलि परमेश्वरमा मान्य छैन भन्ने आत्मज्ञानलाई पनि नपन्छाउनुहोस्)।